का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ साउन २०८१,
शुक्रबार
19 July 2024,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु

वर्ष २२, अंक १५७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

स्थानीय पाठ्यक्रम

# अलमलमै बित्यो सात वर्ष



आधारभूत तहका विद्यार्थीलाई आफू जन्मेको/बसेको परिवेशबारे जानकारी दिने र स्थानीय सांस्कृतिक, ऐतिहासिक विशेषता जगेर्ना गर्ने उद्देश्यसहित स्थानीय सरकारले पाएको स्थानीय पाठ्यक्रम निर्धारणको अधिकार पूर्णत: लागू हुन सकेको छैन ।

**क्षितिज किरण/मध्यान्ह**
बुटवल, ३ साउन

संविधानले विद्यालय तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकारको एकल अधिकार सूचीमा राखेको छ । यो संवैधानिक व्यवस्था कार्यान्वयन गर्न बनेको राष्ट्रिय पाठ्यक्रम प्रारूपले स्थानीय सरकारलाई कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रम विकास गर्न सक्ने अधिकार प्रदान गरेको छ । तर यो अधिकार व्यावहारिक अभ्यासमा भने पूर्णत: लागू हुन सकेको छैन ।

केही महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाले यसको अभ्यासको शुरुवात गरेका छन् । तर स्रोत साधन र जनशक्ति नहुँदा दुर्गम क्षेत्रका पालिकाहरूले यो अधिकारको प्रयोग गर्न सकिरहेका छैनन् ।

आधारभूत तहका विद्यार्थीलाई आफू जन्मेको/बसेको परिवेशबारे जानकारी दिने र स्थानीय सांस्कृतिक, ऐतिहासिक विशेषता जगेर्ना गर्ने उदेश्यसहित स्थानीय सरकारलाई यो अधिकार दिइएको हो । विद्यालय स्तरको पाठ्यक्रममा स्थानीय संस्कृति, भाषा, जनजीवन, इतिहास, भूगोल आदि विषय समेटेर शिक्षालाई अझ जीवनसँग जोड्ने उदेश्य राखिएको पाइन्छ । तर, कैयन स्थानीय सरकारका लागि यो चुनौतीपूर्ण बनिरहेको छ ।

उदाहरण हो - रूपन्देहीको सैनामैना नगरपालिका । सैनामैना नगरपालिकाले स्थानीय पाठ्यक्रम बनाउन सकेको छैन ।

उक्त पालिकाका विद्यालयहरूले स्थानीय पाठ्यक्रमको सट्टा कम्प्युटर र अंग्रेजी विषय पठनपाठन गराइरहेका छन् ।

स्थानीय तहले लिने आधारभूत तह (कक्षा ८) को परीक्षाको नतिजामा सैनामैनाले स्थानीय विषयको ठाउँमा कम्प्यूटर राखेर ग्रेड सिट दिँदै आएको छ ।

दाङको डुडुवा गाउँपालिकाले पनि स्थानीय पाठ्यक्रम बनाएको छैन ।

दाङका अधिकांश पालिकाले स्थानीय पाठ्यक्रम लागू गर्दा समेत डुडुवा गाउँपालिकाले स्थानीय पाठ्यक्रम बनाउन नसकेको हो ।

लुम्बिनी प्रदेशका १०९ वटा पालिकामध्ये २४ वटा पालिकाले संविधान कार्यान्वयन भएको सात वर्षसम्म समेत स्थानीय पाठ्यक्रम लागू गरेका छैनन् ।

शिक्षा पत्रकार समूहले लुम्बिनी प्रदेशमा गरेको एक अध्ययनका अनुसार, स्थानीय पाठ्यक्रम लागू गरेका पालिकाहरूमध्ये ६७.८५ प्रतिशतमा कक्षा १ देखि ८ सम्मे स्थानीय पाठ्यक्रम लागू भएको छ ।

१४.२८ प्रतिशत पालिकाहरूमा कक्षा १ देखि ३ सम्म, १०.७१ प्रतिशत पालिकाहरूमा कक्षा १ देखि ५ सम्म पालिकाको स्थानीय पाठ्यक्रम लागू भएको छ ।

कक्षा ६ देखि ८ सम्म मात्र स्थानीय पाठ्यक्रम लागू गरेका पालिकाको प्रतिशत ७.१४ छ । सो अध्ययनले पृष्ठ २ मा

## बजेटकै अभाव

स्थानीय पाठ्यक्रम निर्माण नहुनुमा स्थानीय तहको चासो र सक्रियताका साथमा बजेट समेत समस्याका रुपमा देखिएको छ । दाङको डुडवा गाउँपालिकाका शिक्षा अधिकृत संजयकुमार कर्ण भन्छन्, 'पाठ्यक्रमको विषय हामीले पालिकामा राखेका छौं, बजेट विनियोजन नहुँदा काम अगाडि बढेको छैन ।'

गुल्मीको छत्रकोट गाउँपालिकाले स्थानीय पाठ्यक्रमलाई अहिले मात्रै अन्तिम रूप दिएको छ । पालिकाका शिक्षा अधिकृत टिकाराम आचार्यले स्रोत व्यक्तिको अभाव भएकाले पाठ्यक्रम बनाउन ढिलो भएको बताए । पृष्ठ २ मा

# प्राथमिकतामा शिक्षण प्रणालीमा सुधार र नि:शुल्क शिक्षा

प्रारम्भिक क्यालेन्डरअनुसार १५ दिनमा शिक्षण प्रणाली पुनरावलोकन र एक महिनाभित्र नि:शुल्क शिक्षाको खाका बनाइनेछ ।



शिक्षामा विद्याको क्यालेन्डर

हाम्रा समस्याहरु थुप्रै छन् । तत्काल गर्नुपर्ने के हो ? दीर्घकालीन रुपमा गर्नुपर्ने के हो भनेर प्राथमिकता सेट गरेर जानुपर्छ । प्राथमिकताका सेट तय गर्दैछु । त्यसअनुसार क्यालेन्डर नै बनाएर अगाडि बढ्छु ।

**विद्या भट्टराई, शिक्षामन्त्री**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ साउन ।

नवनियुक्त शिक्षामन्त्री विद्या भट्टराईले क्यालेन्डर नै बनाएर काम गर्ने बताएकी छन् । उनका अनुसार समय नै तोकेर काम गर्ने गरी प्राथमिकताहरू तय गरेकी छन् । प्रारम्भिक मन्त्रालयको क्यालेन्डर अनुसार १५ दिनमा शिक्षण प्रणाली पुनरावलोकन र एक महिना भित्र नि:शुल्क शिक्षाको खाका बनाउने लक्ष्य मन्त्री भट्टराईले लिएकी छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले समय तोकेर कति समयमा के काम गर्ने हो र के कति लक्ष्य हासिल भयो भन्ने रेकर्ड दिने गरी काम गर्न मन्त्रीलाई निर्देश गरेका छन् । प्रधानमन्त्रीको स्पिरिट समेतलाई ध्यान दिएर आफूले क्यालेन्डर नै बनाएर काम गर्न लागेको नवनियुक्त शिक्षा मन्त्री भट्टराई बताउँछिन् ।

शिक्षण प्रणाली र परीक्षाको मुल्यांकन प्रणालीमा पुनरावलोकन गर्ने सम्बन्धमा '१५ दिनभित्र केही नतिजा दिने गरी काम गर्ने' शिक्षामन्त्री भट्टराईको प्रतिवद्धता छ । आफू योजना नै बनाएर अगाडि बढ्न खोजेको उनले सुनाइन् । नतिजामुखी भएर काम गर्ने प्रतिवद्धता जनाइन् ।

'हाम्रा समस्याहरु थुप्रै छन् । तत्काल गर्नुपर्ने के हो ? दीर्घकालीन रुपमा गर्नुपर्ने के हो भनेर प्राथमिकता सेट गरेर जानुपर्छ', मन्त्री भट्टराईले प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा भनिन् ।

'शिक्षा मन्त्रालयको मुल दायीत्व भनेको शिक्षासँग सम्बन्धित छ । चाहे उच्च शिक्षा भनौं चाहे विशेष शिक्षा । विद्यालय शिक्षा । पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## ७८ म्यानपावर कम्पनीले पठाए हजार बढी कामदार

# धेरै पठाउनेमा पहिलो नीलकमल, दोस्रो एसओएस र तेस्रोमा एयरकिंग्स

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ साउन

गत वर्ष म्यानपावर कम्पनीमार्फत ३ लाख ५३ हजार १ सय ६३ जना वैदेशिक रोजगारमा गएकोमा ७८ म्यानपावर कम्पनीले हजारभन्दा बढी कामदार पठाएका छन् । वैदेशिक रोजगार विभागका अनुसार नील कमल ह्युमन रिसोर्स प्रा.लि.ले सबैभन्दा धेरै कामदार वैदेशिक रोजगारीमा पठाएको छ । उक्त कम्पनीबाट ७ हजार २ सय ८ जना कामदार वैदेशिक रोजगारीमा गएका छन् । दोस्रोमा एसओएस म्यानपावर सर्भिस प्रा.लि. रहेको छ । उक्त कम्पनीबाट ५ हजार ७ सय ४६ जना गएका छन् । यस्तै एयर किंग्स प्लेसमेन्ट प्रा.लि. ४ हजार १४ जना कामदार वैदेशिक रोजगारीमा पठाएर तेस्रो नम्बरमा परेको छ ।

**हजार बढी कामदार पठाएका म्यानपावर कम्पनीहरु :**

नील कमल ह्युमन रिसोर्स प्रा.लि.- ७,२०८
एसओएस म्यानपावर सर्भिस प्रा.लि.- ५,७४६
एयर किंग्स प्लेसमेन्ट प्रा.लि.- ४,०१४
प्याराडाइज इन्टरनेशनल प्रा.लि.- ३,९८५
साउण्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि.- ३,८३२
दि रिभर ओभरसिज प्रा.लि.- ३,७३४
इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- ३,५७९
सपोर्ट ह्युमन रिसोर्स प्रा.लि.- ३,५०९
एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्यान्ट्स प्रा.लि.- २,९८६
गल्फ म्यानपावर सर्भिस प्रा.लि.- २,९८४
आकर्षण इन्टरनेशनल प्रा.लि.- २,७०६
इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- २,७६९
लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि.- २,७०६
सान नेपाल प्रा.लि.- २,५६६
मास ह्युमन रिसोर्स प्रा.लि.- २,५१७
एसपीएम ओभरसिज प्रा.लि.- २,४७३
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.- २,४०८
अञ्जली ओभरसिज प्रा.लि.- २,२६५
अलस्कील इन्टरनेशनल ह्युमन रिसोर्स प्रा.लि.- २,१७६
जब स्याकर म्यानपावर प्रा.लि.- २,१६५
बेष्ट रिक्रुटमेन्ट प्रा.लि.- २,१६४
शिखर इन्टरनेशनल म्यानपावर सर्भिस प्रा.लि.- २१०१
नाइस रिक्रुटमेन्ट ऐजेन्सी प्रा.लि.- २,०९८
ग्रेस ओभरसिज प्रा.लि.२०३१
अल जाहरा ह्युमन रिसोर्स कन्सल्ट्यान्सी प्रा.लि.२०००
अल जराफा ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- १,९५३
फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा.लि.- १,९४२
अलसेक्युर म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- १,८३६
पर्फेक्ट रिक्रुटिङ सर्भिस प्रा.लि.- १,७६६
इन्डेक्स रिक्रुटमेन्ट प्रा.लि.- १,६९८ पृष्ठ २ मा

### गत वर्ष झण्डै साढे सात लाख कामदार वैदेशिक रोजगारीमा

**काठमाडौं/मस-** गत आर्थिक वर्षमा ७ लाख ४१ हजार २ सय ९७ नेपाली वैदेशिक रोजगारीमा गएका छन् । त्यसमा पुरुषको संख्या ६ लाख ६१ हजार १ सय २५ र महिलाको संख्या ८० हजार १ सय ७२ रहेको छ । गत वर्ष म्यानपावर कम्पनीमार्फत ३ लाख ५३ हजार १ सय ६३ जना वैदेशिक रोजगारमा गएका छन् ।

आर्थिक वर्ष २०७९/०८० मा ७ लाख ७१ हजार ३ सय २७ जना गएका थिए । गत आर्थिक वर्ष वैदेशिक रोजगारमा जानेको संख्या अघिल्लो आर्थिक पृष्ठ २ मा

# उपसभामुख रानामाथि गम्भीर प्रश्न



आफू अमेरिका जान लाग्दा असम्बन्धित व्यक्तिलाई टिममा राख्ने गरी भिसाका लागि अमेरिकी दूतावासलाई लेखेको पत्र बाहिरिएसँगै उपसभामुख इन्दिरा रानामाथि गम्भीर प्रश्न उब्जेको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
बुटवल, ३ साउन

उपसभामुख इन्दिरा रानाले अमेरिकी दूतावासलाई लेखेको पत्रले तरंग पैदा गरेको छ । उच्च राजनीतिक नेतृत्वले समेत यसमा चासो देखाएका छन् भने सभामुख देवराज घिमिरेले आन्तरिक रुपमा छलफल गरेका छन् ।

बिहीबार सभामुख घिमिरे र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रमुख सचेतक सन्तोष परियारबीच यो विषयमा छलफल भएको थियो । सिंहदरवारस्थित सभामुख घिमिरेको कार्यकक्षमा भएको भेटमा प्रमुख सचेतक परियारले 'यो विषय र प्रक्रिया के हो ?' भनेर सोधेका थिए । सभामुखले आफूलाई पृष्ठ २ मा

Vacancy Announcement
We are hiring a following candidate to support our recruiting and sourcing team to place qualified candidates faster.
Accountant - 1 (Female)
Documentation - 1 (Female)
PRO - 1 (Male)
Requirement:
Minimum 2 Years experienced in the related fields.
Salary negotiable for deserving candidates.
Please send your CV: skymanpower39@gmail.com
Mobile : 9851068774/9851035868

मध्यान्ह
www.madhyanhadaily.com

४ साउन २०८१, शुक्रबार
19 July 2024, Friday

# सडक पूर्वाधार कार्यालय अर्घाखाँचीको ६४ प्रतिशत बजेट खर्च

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
सन्धिखर्क, ३ साउन

सडक पूर्वाधार विकास कार्यालय अर्घाखाँचीले गत आर्थिक वर्ष ६४ प्रतिशत बजेट खर्च गरेको छ ।

विगतमा काम नभएका र निर्माण व्यवसायीले आलटाल गरिरहेको सडक बल्कोट-नेटा तम्घास सडकदेखि अन्य साना ठूला सडकहरु निर्माणको कामलाई प्रभावकारी रूपमा फास्ट ट्याकमार्फत द्रुर्त गतिमा अघि बढाए पनि आर्थिक वर्षको मसान्तसम्म ६४ प्रतिशत बजेट खर्च गर्न सफल भएको हो ।

जिल्लाका धेरै सडकहरु अहिले बर्खाका कारण अस्तव्यस्त भएको बेला पनि अहिले निरन्तर सडक सञ्चालनका लागि कर्मचारीहरु खटिरहेका छन् ।

पहाडि जिल्लामा सबै भन्दा विकट ठाउँका सडकहरु पनि बर्खाको बेला मुख्य सडकहरु सञ्चालनमा छन् भने कालोपत्रे गर्ने केही सडकको काम बर्खाका कारण प्रभावित भएको छ ।

सडक पूर्वाधार कार्यालय अर्घाखाँचीले अहिले सन्धिखर्क पाणिनी क्याम्पस चेयानडाँडा पटुवाथुम सडकखण्ड र सन्धिखर्क कुर नुवाकोट सडक खण्डका विभिन्न ठाउँमा रहेका खाल्डाखुल्डी पुर्ने माथिबाट आएका पहिरोहरु सोर्ने काम निरन्तर गरिरहेको छ ।

गतवर्ष कालोपत्रे गरेका सडकहरु ठूलो पहिरोहरुका कारण प्रभावित भएकाले ती सडक सुचारु गर्ने विषयमा प्राविधिकहरु खटिएको र काम गरिरहेकाले यो आर्थिक वर्षमा लगाउने ठेक्काका लागि इस्टमेट समेत शुरु गरिएको सिनियर डिभिजन इन्जिनियर गोपिराज पुनले जानकारी दिए ।

असार अगाडि कार्यालय प्रमुख पुन र कार्यालयका प्राविधिकहरु दिनरात नभनी काम सम्पन्न गर्न निकै खटिएको कारण आर्थिक वर्षमा झण्डै ६४ प्रतिशत भन्दामाथि आर्थिक



भौतिक प्रगति देखिएको पुनले दाबी गरे ।

अर्घाखाँचीमा सडक पूर्वाधार कार्यालयको मातहतमा ४ वटा सडकहरु बहुवर्षीय अर्थात् यहि वर्ष सम्पन्न हुने सडकहरुको काम निरन्तर अगाडि बढेको पुनले दाबी गरे ।

जिल्लामा केही ठूला आयोजना निर्माण द्रर्त गतिमा अगाडि बढेको भएपनि सोचे अनुसार काम हुन नसकेको पुनले स्वीकार गरे ।

भूमिका स्थान नगरपालिका टोड्केदेखि लामा तालसम्म ३० किलोमिटर सडकको काम अहिलेसम्म ९२ प्रतिशत निर्माण कार्यको प्रगति भएको र यो सडकको काम अन्तिम चरणमा पुगेको भएपनि अविरल वर्षाका कारण माथिबाट पहिरो जाँदा अहिले सडकका विभिन्न ठाउँहरुमा मर्मत गर्नुपर्ने अवस्था रहेको छ ।

बहुवर्षीय ठेक्का अन्तर्गत गच्छेदेखि ढिकुरासम्म ५.५० किलोमिटर कालोपत्रे गर्नका लागि कार्यालयले अम्बर निर्माण सेवाका सञ्चालक बसन्त भुसालसँग सम्झौता गरिसकेकोले अब पानी रोकिना साथ काम शुरु गर्ने तयारी भएको कार्यालयका इन्जिनियर टोपबहादुर दर्लामीले बताए ।

कार्यालय प्रमुख पुनका अनुसार मालारानी पहुँचमार्ग अन्तर्गत नै चेहेनडाडा डिभर्ना खन खनदह डाडाँकटेरी सडकको काम पनि बहुवर्षीय हो । गत वर्ष त्यस सडकका लागि विनियोजन बजेट सबै खर्च हुन सकेन ।

सो सडकको काम सिद्धार्थ अम्मर जेभीले २०७९ सालमा सम्झौता गरी २०८१ मा सम्पन्न गर्ने गरी कार्यालयसँग सम्झौता गरेकोले सो सडकमा अहिले ४० प्रतिशत वित्तीय प्रगति र ३८ प्रतिशत भौतिक प्रगति भएको अनुमान गरिएको छ ।

त्यो सडकमा गत वर्ष ५ करोड रुपैयाँ विनियोजन भएको थियो भने यो वर्ष सम्पन्न गर्ने बजेट विनियोजन भएको छ ।

यो सडक बहुवर्षीय सडक भएको कारण निर्माण व्यवसायी बसन्त भुसालले २० करोड ७० लाख ८९ हजार ५ सय पच्चीस रुपैयाँमा सडक कार्यालय अर्घाखाँचीसँग सम्झौता गरी काम शुरु गरेको र काम समय अगावै पैसा सरकारले दिएमा पूरा गर्ने लक्ष्य राखिएको बताए । सडक पूर्वाधार कार्यालयको प्रदेश गौरवको आयोजना सन्धिखर्क धारापानी चुजाठाँटी रामपुर-कपुरकोट सडक योजनाको काम पनि गत वर्षबाट शुरु भइ निरन्तर अगाडि बढिरहेको छ ।

यो सडकको वित्तीय प्रगति ३५ प्रतिशतको हाराहारीमा छ भने २०७८ सालमा एसपी ब्रर्दस अर्याल जेभीले २५ करोड ८६ लाख ९६ हजार ६ सयमा सम्झौता गरी काम शुरु गरेको र अहिले असार अन्तिम हप्तासम्म ३५ प्रतिशत प्रगति गरेको कार्यालय प्रमुख गोपिराज पुनले सुनाए ।

पुनका अनुसार सडक कार्यालय अर्घाखाँचीसँग २०७७ सालमा सम्झौता गरी कन्काइ जयमाता अम्बर जेभीले २१ करोड ८४ लाख ९ हजार ८ सय ६४ रुपैयाँको लागतमा डिभर्ना जर्रे खोला धारापानी छत्रगञ्ज मोडलेचौर सिमिचौर जोड्ने सडकको सडकको भौतिक प्रगति ७० प्रतिशत भन्दामाथि रहेको छ ।

यो सडकको काम असार मसान्तमा सम्पन्न गर्ने गरी निर्माणको काम अगाडि बढाएको भएपनि निर्माण व्यवसायीले काम ढिलो गरेको कारण समस्या भएको कार्यालयका इन्जिनियर अशोक दवाडिले बताए ।

वल्कोट-तम्घास खडकखण्डको काम निर्माण व्यवसायीको लापरबाहीका कारण पूरा हुन नसकेको भनि धेरै पहिलादेखि चर्चामा रहेको सडकको समेत अहिले काम सन्तोषजनक भएको छ । जिल्लामा ४ ओटा ठूला सडक निर्माण द्रुत गतिमा अगाडि बढेपछि अर्घाखाँचीबासी हर्षित छन् । यी सडकहरु गत वर्षदेखिका बहुवर्षीय ठेक्का हुन् । कार्यालय प्रमुख पुनले गच्छे भालुवाङ सडकलाई पहिलो प्राथमिकतामा राखिएको छ । यो सडक प्रदेश राजधानी दाङ जोड्ने सडक भएकोले यो सडक निकै महत्वपूर्ण मानिन्छ । सडकको लामातालसम्म ग्राभेल धेरै ठाउँमा सम्पन्न भएको छ । अहिले अविरल वर्षाले सडकमा क्षति पुऱ्याएको छ ।

सो सडक अन्तर्गत लामा तालदेखि भालुवाङ जोड्न १५ किलोमिटर ट्र्याक खोलिएको खण्डमा भालुभाङ पुग्न सन्धिखर्कबाट २ घण्टामा पुगिन्छ ।

सडकको बीचमा पर्ने पुल समेत नौमुरे बहुउद्देश्यीय जलविद्युत आयोजनाले डिपीआर समेत बनाइ ठेक्का लगाउने तयारीमा रहेको नौमुरे बहुउद्देश्यीय आयोजनाका सूचना अधिकारी कृष्णप्रसाद गौतमले बताए ।

# ‘कमजोर सरकारी उपस्थितिले वन संरक्षणमा चुनौती’

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ३ साउन



कमजोर सरकारी उपस्थितिले वन संरक्षणमा चुनौती रहेको एक कार्यक्रमका सहभागीहरुले बताएका छन् । बिहीबार वीरेन्द्रनगरमा आयोजित जैविक विविधता र वातावरण विषयक सरोकारवाला निकायसँगको छलफलमा सहभागी सामुदायिक वनका पदाधिकारीहरुले वन संरक्षणमा राज्यले प्रभावकारी ध्यान पुऱ्याउन नसक्दा संरक्षणमा चुनौती थपिदै गएको बताएका हुन् ।

सुर्खेतको वीरेन्द्रनगर-४ स्थित भैरव सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष अमर कार्कीले जैविक विविधताको संरक्षणमा वनको क्षेत्राधिकार हेर्ने निकायले ध्यान नदिँदा वन क्षेत्रमा डढेलो, वन्यजन्तु चोरी सिकारी, अवैध काठ तस्करी, वन फडानीलगायतका कार्यले प्रश्रय पाइरहेको बताए । वन संरक्षणका लागि उपभोक्ता समितिमार्फत आफूहरुले भरपुर प्रयास गरेको भएपनि साधन स्रोतको अभावले अझै पनि वन क्षेत्रभित्र हुने बेथिति रोक्न नसकेको उनले बताए ।

पूर्वतयारी, मापदण्डअनुसारका अग्नी रेखा नहुनु, वन क्षेत्रमा हुने बेथिति रोक्न आम उपभोक्तासँगै सुरक्षा निकाय परिचालित नहुनु, तालिम प्राप्त अग्नि नियन्त्रकसहित अग्नि नियन्त्रणका सामग्रीको अभाव, संरक्षण पोखरी, नियमित वन क्षेत्रमा गस्ती तथा आगो लाग्ने ठाउँको पहिचान गर्नतर्फ वनका निकायहरुको ध्यान नजानु र उपभोक्ता समितिसँग यसका लागि स्रोत नहुनुले वन मासिदै गएको अध्यक्ष कार्कीले बताए ।

यस्तै, सामुदायिक वन उपभोक्ता महासंघ सुर्खेतका अध्यक्ष चन्द्र थानीले वन संरक्षणमा विद्यमान कानूनी व्यवस्थाहरु समायानुकूल परिमार्जन हुन नसक्नु र भएका पनि प्रभावकारी कार्यान्वयन नहुनुले वन क्षेत्रभित्र आपराधिक गतिविधिले बढवा पाएको बताए । विशेषगरी साधन स्रोत र दक्ष जनशक्तिको अभावले वन क्षेत्रमा हुने आगलागी र डढेलो नियन्त्रणमा राज्यका तीनै तहले ध्यान नदिँदा सामुदायिक वन समितिलाई वन जोगाउन हम्मेहम्मे परेको थानीले बताए ।

वन क्षेत्रमा आगो लगाउँदा हुने दीर्घकालीन असरका बारेमा उपभोक्तामा चेतना नहुँदा तथा चोरी सिकारीका कारण वर्षेनी वन क्षेत्र सखाप हुँदै जान थालेको उनले बताए । अधिकांश वन अपराधमा संलग्न व्यक्तिलाई उन्मुक्ति दिन वन कार्यालयका कर्मचारी र प्रहरीकै संलग्नता रहने गरेको उनको दाबी थियो ।

यस्तै कार्यक्रममा जिल्ला समन्वय समिति सुर्खेतका उपप्रमुख सचिनकुमार बडुवालले सामुदायिक वन क्षेत्रमा हुने बेथिति रोक्न वनका निकाय जिम्मेवार नरहेको बताए । छलफलबाट प्राप्त सुझावका आधारमा आगामी दिनमा नियामक निकायलाई जिम्मेवार बनाउनेतर्फ ध्यान दिने प्रतिबद्धता जनाउँदै उपप्रमुख बडुवालले अनुगमन र समन्वयको पाटोलाई बलियो बनाइने बताए । जैविक विविधता संरक्षणमा सबैको हातेमालो आवश्यक रहेको उनले धारणा राखे ।

पारिस्थिकीय प्रणाली तथा वन्यजन्तुमाथि हुने जोखिम घटाइ प्रकृति संरक्षण र सुरक्षित भविष्यसहितको समृद्धि सुनिश्चि गर्न कर्णालीमा युएसएड जल जंगल परियोजना लागू भएको परियोजनाका प्रतिनिधि विनोद शाहीले बताए । सुर्खेतमा जैविक विविधता र वातावरण संरक्षणका लागि आगामी दिनमा सामुदायिक वनसँग मिलेर काम गर्नेगरी परियोजना तयार भइरहेको उनले बताए ।

# वडाध्यक्ष पौडेल पढाउँछन् निःशुल्क ट्युसन

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३ साउन



अर्घाखाँचीको पाणिनी गाउँपालिका वडा नं. ६ धातिवाङ्गका वडाध्यक्षको दैनिकी भिन्न किसिमको छ । दिनभर सेवाग्राहीका काम गर्न वडामा व्यस्त हुने वडा अध्यक्ष कृष्णप्रसाद पौडेल बिहानको समयमा विद्यार्थीहरुसँग रमाउने गर्छन् ।


वडामा रहेको एक विद्यालयमा एसईईको नतिजा सोचेअनुसारको नआएपछि वडाध्यक्ष पौडेलले गणित विषयको ट्युसन पढाउँदै आएका छन् । उनी भन्छन्, 'वडामा निर्वाचित भएर आएसँगै विगतका दुई वर्ष पनि धातिवाङ्ग माविका विद्यार्थीहरुलाई निःशुल्क ट्युसन पढाएको थिएँ, यस वर्ष पनि विद्यार्थीहरुलाई ग्रेड वृद्धि गराउन टेवा पुग्ला भनेर ट्युसन पढाएको छु ।' वडाध्यक्षको घरमा गणित विषयको ग्रेडवृद्धि परीक्षामा सहभागी हुन लागेका ६ जना विद्यार्थी बिहान ६ बजे नै ट्युसन पढ्न आउँछन् ।

'१० वर्ष अगाडि कक्षा ११-१२ मा कृष्ण माविमा अध्ययन गर्दादेखि नै मेरो घरभरि ट्युसन पढ्न आउने विद्यार्थीहरुको ताँती हुन्थ्यो, पहिला विद्यार्थीहरु धेरै हुन्थे, उनीहरु अहिले देशको सरकारी क्षेत्रदेखि विदेशसम्म पुगेका छन्, मैले जानेको क्षमता विद्यार्थीहरुलाई सिकाउँदा टेवा पुग्ने भएकाले समय व्यवस्थापन गरेर ट्युसन पढाएको छु,' उनले भने ।

वडाध्यक्ष पौडेल अगाडि भन्छन्, 'भौतिक क्षेत्रको मात्र विकास होइन, सामाजिक क्षेत्रको विकास पनि गर्नुपर्छ, मैले ट्युसन पढाउँदा शुल्क लिँदिनँ, सामाजिक काम गर्न जनताले ५ वर्षका लागि जिम्मेवारी दिएका हुन्, तिनै जनताका छोराछोरीलाई पढाउन पाउँदा मन हर्षित हुन्छ। हाम्रो वडामा १ मावि र ४ आधारभूत विद्यालय गरी ५ वटा विद्यालयहरु छन्, शिक्षा क्षेत्रका लागि पूर्वाधार विकासदेखि अतिविपन्न, जेहेन्दार विद्यार्थीहरु लक्षित कार्यक्रम पनि गर्दै आएका छौं, सकारात्मक सोचसहित शिक्षा सुधार्न वडाबाट गर्ने काममा कुनै कसुर बाँकी राखेको छैन,' पौडेलले भने । विद्यार्थी राजनीतिबाटै उदाएका पौडेल वडाध्यक्षमा निर्वाचित ३० वर्षीय युवा हुन्, उनी स्नाकोत्तर तहमा गणित विषयमा उत्तीर्ण वडा अध्यक्ष हुन् ।

निर्वाचत भएको शुरुको वर्ष नै शिक्षकहरुका लागि कम्प्युटर शिक्षा तालिम सञ्चालन गरेसँगै धातिवाङ्गका ५ वटै विद्यालय प्रविधिमैत्रीरुपमा अगाडि बढेका छन् । बालबालिकाहरुको क्षमता विकास र बालबालिका शिक्षित भएमा गाउँको विकास हुने भएकाले पनि शिक्षा विकासको मेरुदण्ड रहेको उनको बुझाइ छ । निःशुल्क ट्युसन पढाउने काम राम्रो भएको भन्दै पाणिनी गाउँपालिकाका पूर्वअध्यक्ष अच्युत गौतमसहित शिक्षाविद्हरुले वडाध्यक्षको प्रशंसा गरेका छन् ।

# कस्तुरीको बिनासहित एक जना पक्राउ



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ३ साउन

हुम्लाको सिमकोटबाट तिब्बत लैजान घरमा लुकाएर राखेको कस्तुरीको बिनासहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा हुम्लाको उत्तरी नाम्खा गाउँपालिका -३, केर्मीका कन्जोक तामाङ रहेका छन् ।

भारतको दिल्लीबाट रुपैडिया, नेपालगञ्ज, सुर्खेत, कालीकोट बाजुरा हुँदै स्थलमार्गबाट चीनको स्वशासित क्षेत्र तिब्बत लैजान सिमकोट पुऱ्याइएको कस्तुरीको बिना बरामद गरिएको हुम्ला प्रहरी नायव उपरीक्षक रबिन्द्र खनालले जानकारी दिए ।

विशेष सुराकीका आधारमा खटिएको प्रहरी टोलीले सिमकोट गाउँपालिका वडा नं. ६ को बजार क्षेत्रमा रहेको उनकै घरमा लुकाएर राखेको अवस्थामा उक्त बिनासहित एक जनालाई पक्राउ गरिएको थियो ।

बिनासहित तामाङकै घरबाट नियन्त्रणमा लिइएको प्रहरी नायव उपरीक्षक खनालले बताए ।

भारतको दिल्लीबाट हिँडेका तामाङ साउन १ गते सिमकोट पुगेको प्रहरीको बयानको क्रममा तामाङले बताएका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक नरेन्द्र चन्दले बताए । दिल्लीमा ७ लाख भारुमा खरिद गरेर ल्याइएको बिना तामाङले चीनको तिब्बतमा बिक्रीका लागि लैजान ल्याएको बताएका छन् ।

अहिले तिब्बतमा १ ग्राम कस्तुरीको बिना ४० देखि ४५ हजार नेपाली रुपैयाँमा बिक्री हुने प्रहरी निरीक्षक चन्दले बताए ।

सुराकी पाए लगतै बुधबार बेलुका प्रहरी निरीक्षक चन्दको नेतृत्वमा खटिएको टोली तामाङ घर पुगेको थियो । उनको घरबाट १८ थान बिनासहित दुई थान मोबाइल, झोला, एटिएम कार्ड, पासपोर्ट, नागरिकता, ३ हजार चिनियाँ रुपैयाँ र तराजुलगायतका वस्तु बरामद गरिएको छ । प्रहरीले प्रारम्भिक बयान लिएको र बिहीबार नै बरामत सामानसहित तामाङलाई डिभिजन वन कार्यालय हुम्लालाई बुझाइएको प्रहरीले जनाएको छ ।

**स्थानीय...**
प्रदेशका एक तिहाइ पालिकाहरूले आधारभूत तहका सबै कक्षाहरूमा स्थानीय पाठ्यक्रम लागू नगरेको देखाएको छ ।

लुम्बिनी प्रदेशमा ४५३१ वटा सामुदायिक र १२६९ वटा सस्थागत गरी ५८०० वटा विद्यालय छन् । यीमध्ये आधारभूत (१.५)२८५३ वटा र आधारभूत (६.८) ११५४ गरी ४००७ वटा आधारभूत विद्यालय छन् ।

संघीयताको कार्यान्वयनको सात वर्ष वित्दा समेत उनीहरूमा स्थानीय पाठ्यक्रम बनाउने र लागूगर्ने चासो देखिएको छैन् । राष्ट्रिय पाठ्क्रम प्रारूप -२०७६ अनुसार स्थानीय तहलाई कक्षा १-८ मा १०० पूर्णाकको स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी छ । यसका सट्टामा बहानाबाजी गरी अरू विषयलाई ठाउँ दिनु स्थानीय तहको शिक्षा-अधिकारको मर्म विपरीत समेत हो ।

**बजेट...**
उनले शैक्षिक शत्र २०८१ मा पाठ्यक्रम लागू गर्ने बताए ।

कपिलवस्तुको कृष्णनगर नगरपालिका पनि स्थानीय पाठ्यक्रम निर्माण नगर्ने पालिको हो । आव २०८० र ८१ मा पाठ्यक्रम निर्माणका लागि कार्यक्रम बनाइ बजेट विनियोजन गरेको भएपनि विज्ञसँग समन्वय हुन नसक्दा काम अगाडि बढ्न नसकेको नगरपालिकाका शिक्षा अधिकृत बलराम पन्थी बताउँछन् । उनले कार्यक्रम र बजेटले निरन्तरता पाए नयाँ आर्थिक वर्षमा स्थानीय पाठ्यक्रम तयार हुने बताए ।

स्थानीय पाठ्यक्रम निर्माण नगरेका तथा कार्यान्वयनमा नल्याएका पालिकाहरूका विद्यालयले स्थानीय पाठ्यक्रमको रूपमा अंग्रेजी, कम्प्युटर र गणित जस्ता विषयहरू पढाइरहेको पाइएको छ ।

शिक्षा पत्रकार समूहको अध्ययन अनुसार, लुम्बिनी प्रदेशमा स्थानीय पाठ्यक्रम लागू गरेका पालिकाहरू मध्ये ५४ प्रतिशतहरूले स्थानीय विषयवस्तु समेटेर आफ्नो छुट्टै पाठ्यक्रम तयार गरेका छन् । २५ प्रतिशत पालिकाहरूले भने कम्प्युटर शिक्षा विषयलाई स्थानीय पाठ्यक्रमको रूपमा लागु गरेका छन् । करिब ७ प्रतिशत पालिकाले स्थानीय पाठ्यक्रमको रूपमा स्थानीय भाषालाई राखेका छन् । स्थानीय पाठ्यक्रम तयार नगरेका पालिकाका विद्यालयहरूमा भने कम्प्युटर र अतिरिक्त अंग्रेजी विषयलाई स्थानीय पाठ्यक्रमको रूपमा पढाईरहेका छन् ।

लुम्बिनी प्रदेशमा आफ्नै छुट्टै स्थानीय पाठ्यक्रम बनाएर कार्यान्वयनमा ल्याएका पालिकाहरू मध्ये ५० प्रतिशत पालिकाहरूले अहिलेसम्म पाठ्यक्रम मात्र तयार गरेर त्यसैको आधारमा पठनपाठन गराईरहेका छन् । ३२ प्रतिशत पालिकाहरूले पाठ्यक्रमसंगै पाठ्यपुस्तक समेत तयार गरेका छन् भने १७ प्रतिशत पालिकाले पाठ्यक्रम र शिक्षक निर्देशिका मात्र तयार गरेको छन् ।

**प्राथमिकतामा...**
शिक्षाका जति पनि तहहरु छन् त्यसमा शिक्षा मन्त्रालयले पूर्ण दायीत्व लिनुपर्छ' उनले भनेकी छन् ।

हालै सार्वजनिक एसईईको नजितालाई लिएर थुप्रै प्रश्न उठेको छ । यसम सुधारका लागिसमेत शिक्षण प्रणाली र परीक्षाको मुल्यांकन प्रणालीमा पुनरावलोकनआवश्यक रहेको उनको तर्क छ । उनी थप्छिन्, 'एसईईको नतिजा प्रारम्भिक तहदेखिकै निरन्तरता हो । हामीले एक देखि पाँचसम्म कसरी पढायौं ? आठसम्म कसरी पढायौं ? कुन खालको शिक्षण सिकाई छ ? यसको नतिजा एसईई हो ।'

यो बुझाइ आफ्नो मन्त्री हुनु अगाडिदेखिकै रहेको र प्रतिनिधि सभामा पनि पटक-पटक उठाएको उनले स्मरण गरिन् । 'ओभर अल हाम्रो आजको शिक्षण प्रणाली छ त्यसमा हामीले रिभ्यू गर्न जरुरी छ' उनले भनिन्, 'मुल्यांकन प्रणालीलाई पनि कसरी पुनरावलोकन गर्ने भन्ने सवालमा पाठ्यक्रम र परीक्षासँग मन्त्रालयको सिंगो टिमसहित छलफल गर्दैछौं ।'

शिक्षण प्रणाली र परीक्षाको मुल्यांकन प्रणालीमा पुनरावलोकन गर्ने सम्बन्धमा '१५ दिनभित्र केही नतिजा दिने गरी काम गर्ने' शिक्षामन्त्री भट्टराईको प्रतिवद्धता छ ।

मन्त्रालयको जिम्मेवारी सम्हालेसँगै मन्त्री भट्टराईले अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको खाका बनाउन लागेकी छन् ।

'हामीसँग अनिवार्य र निशुल्क शिक्षा ऐन छ । अब अनिवार्य र निशुल्क शिक्षा ऐनलाई कसरी कार्यान्वयन गर्ने भन्ने कुराको खाका बनाउनुपर्छ' भट्टराईले भनिन् । मन्त्री भट्टराईका अनुसार यसको खाका एक महिनाभित्र बनाउने लक्ष्य लिइएको छ ।

नेपाली कांग्रेस र नेकपा एमाले समेतको सत्ता समीकरण बनेपछि भट्टराईले यही गत असार ३१ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नेतृत्व पाएकी हुन् । यसबीचमा हुने मन्त्रालयभित्र हुने पहिलो चरणको बिफ्रिङ सकाएकी छन् । मानव स्रोत विभाग, विश्व विद्यालय अनुदान आयोग, पाठ्यक्रम विकास केन्द्रसँग अन्तरक्रिया सकेकी छन् ।

**७८ म्यानपावर...**
मोन्टेज ओभरसिज प्रा.लि.- १,७०७
शिवाकोटी म्यानपावर सर्भिस प्रा.लि.१,७२७
एमबि ह्युमन रिसोर्स प्रा.लि.- १,७४६
गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा.लि.- १,६५८
मदरल्याण्ड ओभरसिज प्रा.लि.- १,६३२
ब्रदर्स इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.- १,६४९
एससीसी म्यानपावर कम्पनी प्रा.लि.- १,५८७
रिक्रुटमेन्ट पाट्नर्स प्रा.लि.- १,५६९
एचएमटी ओभरसिज प्रा.लि.- १,५६६
एशिया लिंक सर्भिस प्रा.लि.- १,५३९
डिके रिभर ओभरसिज प्रा.लि.- १,५२६
स्टरिज एचआर सर्भिस प्रा.लि.- १,५०६
सागर रिक्रुटमेन्ट प्रा.लि.- १,४७०
लक्की एचआर सोलुसन प्रा.लि.- १,४८६
कञ्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- १,३६६
मनास्लु इन्टरनेशनल सर्भिस प्रा.लि.- १,३२२
ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.- १,३०१
अलआयुनी ओभरसिज सर्भिस प्रा.लि.- १,३००
मेरिडियन ओभरसिज प्रा.लि.- १,२७९
ओमेगा इन्टरनेशनल प्रा.लि.- १,२८५
रोटरी ओभरसिज प्रा.लि.- १,२८१
लगइन इन्टरनेशनल ओभरसिज रिक्रुटमेन्ट प्रा.लि.- १,२६५
लुलु इन्टरनेशनल प्रा.लि.- १,२५९
भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि.- १,२४२
अमिटी ग्लोबल इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.- १,२३०
बज्र ह्युमन रिसोर्स प्रा.लि.- १,२२७
मोभिरा रिक्रुटमेन्ट कन्सल्ट्यान्सी सर्भिस प्रा.लि.- १,२२७
थ्री ब्रदर्स ह्युमन रिसोर्स प्रा.लि.- १,२१०
काबेली ह्युमन रिसोर्स प्रा.लि.- १,१९२
अल आसमाक्स कम्पनी प्रा.लि.- १,१८१
सप्तकोशी ह्युमन रिसोर्स प्रा.लि.- १,१६५
सिडि ह्युमन रिसोर्स प्रा.लि.- १,१३४
चन्द्रकामना म्यानपावर सर्भिस प्रा.लि.- १,१२७
सेन्ट्रल क्यापिटल सर्भिस प्रा.लि.- १,१२५
स्वीफ्ट एचआर सोलुसन प्रा.लि.- १,१२४
मिनवा रिक्रुटमेन्ट एचआर प्रा.लि.- १,१००
स्यारोन म्यानपावर प्रा.लि.- १,११६
नेपाल एचआर सोलुसन प्रा.लि.- १,०३९
बिएस ओभरसिज प्रा.लि.- १,१०५
अन्जुलिमा इन्टरनेशनल प्रा.लि.- १,०९२
कंगारु ह्युमन रिसोर्स प्रा.लि.- १,०७१
वर्ल्ड वाइड ईम्प्लाईमेन्ट कन्सल्ट्यान्स प्रा.लि.- १,०६७
वाइड स्पेस इन्टरनेशनल प्रा.लि.- १,०५१
आयुश इन्टरनेशनल ओभरसिज सर्भिस प्रा.लि.- १,०३२
ओशो रिक्रुटिङ एजेन्सी प्रा.लि.- १,०४१
ब्रिज वे इन्टरनेशनल प्रा.लि.- १,०३०
स्काइ वे म्यानेजमेन्ट प्रा.लि.- १,०१२
स्काइ स्टार रिक्रुटमेन्ट प्रा.लि.- १,०१०

**गत...**
वर्षभन्दा ३० हजार ३० ले कम भएको छ । मलेसिया रोजगार बन्द भएका कारण वैदेशिक रोजगारीमा जानेको संख्यामा ३० हजार बढीले घटेको हो । अघिल्लो वर्ष २ लाख १९ हजार ३ सय ५७ जना मलेसिया गएकोमा गत वर्ष करिब १ लाख ३८ हजारभन्दा बढीले कम अर्थात ८१ हजार ३ सय ८२ जना मात्रै मलेसिया गएका छन् ।

वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको वार्षिक विवरणअनुसार गत वर्ष म्यानपावर कम्पनीबाट मात्रै ३ लाख ५३ हजार १ सय ६३ नेपाली पहिलोपटक वैदेशिक रोजगारीमा गएका छन् ।

देशगतरुपमा सबैभन्दा धेरै नेपाली यूएई गएका छन् । गत वर्ष उक्त मुलुकमा १ लाख १० हजार १ सय ७३ नेपाली गएका छन् । दोस्रोमा रहेको मलेसियामा ८१ हजार १ सय ८१ गएका छन् भने तेस्रोमा रहेको साउदी अरेबियामा ७२ हजार ८ सय ६४ जना गएका छन् । कतार चौथोमा रहेको छ । उक्त मुलुक ३४ हजार १ सय ६८ जना गएका छन् । अघिल्लो वर्ष पनि कतारमा ३३ हजार ६ सय २९ जना गएका थिए ।

गत वर्ष पाँचौं स्थानमा रहेको कुवेतमा २७ हजार ४ सय ८० जना गएका छन् । छैटौंमा रहेको साइप्रसमा ५ हजार ८ सय ९५ जना गएका छन् । आठौंमा रहेको मरिससमा ४ हजार ९ सय ७५, नवौंमा रहेको बहराइनमा ४ हजार ८ सय ४ जना गएका छन् । दशौंमा रहेको रोमानियामा ४ हजार २ सय ३६ जना गएका छन् । अघिल्लो वर्ष उक्त मुलुकमा ७ हजार ७ सय ८ जना गएका थिए ।

गत वर्ष अल्बानियामा ३३ जना, ब्रुनाइमा १ सय ४३ जना, क्रोएसियामा ९ सय ८ जना, हङकङमा ८१ जना, जापानमा १ हजार २ सय १ जना, जोर्डनमा १ हजार ९ सय ७१ जना, मकाउमा ४ सय ५३ जना, माल्दिभ्समा ७८ जना, माल्टामा १ सय ५ जना, ओमनमा १ हजार ९ सय १६ जना, रसियामा २ सय ३० जना, सर्भियामा २५ जना, टर्की २७ जनामा, बेलायत ६३ जना, उज्वेकिस्तान १ सय १९ जना र सरकारले पठाएको इजरायलमा ३४ जना गएका छन् ।

युरोपेली मुलुकमा संस्थागत अर्थात म्यानपावर कम्पनीको तुलनामा व्यक्तिगतरुपमा जाने कैयौं गुणा धेरै छन् । संस्थागतरुपमा ६३ जना गएको बेलायतमा व्यक्तिगतरुपमा २ हजार ३ सय ६५ जना, टर्कीमा २ सय २४ जना, स्लोभाकियामा ३ सय ८९ र सोल्भेनियामा ३ सय ३२ जना गएका छन् ।

संस्थागतरुपमा एक जना पनि नगएको अमेरिकामा ३ सय ९९ जना, सिंगापुरमा २ सय ७ जना, पोर्चुगलमा ६ सय २२ जना, पोल्याण्डमा १ हजार ६ सय ४९ जना, न्यूजिल्याण्डमा ४ सय ७० जना, नर्वेमा ४६ जना मंगोलियामा १ सय ४६ जना गएका छन् ।

त्यस्तै अफगानिस्तानमा २८ जना, अस्ट्रेलियामा ३ सय ७५, अष्ट्रियामा ७ सय १२, अजरबैजानमा २ सय ७ जना, बेलारुसमा १ सय ८३ जना गएका छन् । नेपाली राजदूतावास र नियोगहरुले मागपत्र प्रमाणीकरण नगर्दा व्यक्तिगतरुपमा युरोपेली मुलुक जाने क्रम बढेको वैदेशिक रोजगार व्यवसायीहरु बताउँछन् ।

**उपसभामुख...**
'डिटेल थाहा नभएको' तर, विषय गम्भीर रहेको बताए ।

यसअघि सभामुख घिमिरेले पनि यो विषयमा चासो राखेका थिए । 'हस्ताक्षर दुरुपयोग भएको भए किर्तेमा जान र पत्र गलत भए सार्वजनिक गर्ने विरुद्ध प्रेस काउन्सिलमा उजुरी दिन सुझाएका थिए ।'

उपसभामुख राना आफूले पत्र लेखेको स्वीकार गरिन । तर, डेढ वर्ष अघिको उक्त पत्रलाई लिएर अहिले किन प्रश्न उठाइँदैछ भन्ने आफूले नबुझेको उनले बताइन् । डेढ वर्ष अगाडि भने आफूले अमेरिकी दूतावासलाई पत्र लेखेको स्वीकार गरिन ।

राना २०७९ माघ ७ गते उपसभामुखमा निर्वाचित भएकी थिइन् । त्यसको अर्को महिनामा उनले दूतावासलाई पत्र लेखेको देखिन्छ ।

उपसभामुख रानाका अनुसार सिएसडब्लु ६७ नामक एनजिओले उनलाई कार्यक्रममा आमन्त्रण गरेको थियो ।

उक्त कार्यक्रममा सहभागी हुन आफू अमेरिका जान लाग्दा असम्बन्धित व्यक्तिलाई टिममा राख्ने गरी भिसाका लागि अमेरिकी दूतावासलाई लेखेको पत्र बाहिरि एसँगै उपसभामुख रानामाथि गम्भीर प्रश्न उब्जेको हो ।

सिएसडब्लु महिलाको स्थितिसम्बन्धी आयोग हो । उक्त आयोगको ६७ औं अधिवेशन सन् २०२३ को मार्च ६ देखि १७ सम्म अमेरिकाको न्युयोकमा भएको थियो ।

उक्त कार्यक्रममा सहभागी हुन भिसा लिने प्रक्रिया अन्तर्गत अन्तरवार्ताका लागि उपसभामुख रानाले २६ फेब्रुअरी २०२३ मा अमेरिकी दुतावासलाई आफूसँगै थप पाँच जनालाई पनि सहभागी गराउन आग्रह गर्दै पत्र लेखेकी थिइन ।

आफूसँगै अन्य पाँच जनाको अन्तरवार्ताका लागि लेखेको पत्रमा रानाले उपसभामुखको लेटरहेड प्रयोग गरेकी थिइन् । तर, उनको आग्रहलाई दूतावासले स्वीकार गरेन । त्यसपछि राना अमेरिका गइन ।

उक्त कार्यक्रममा सहभागी भएर नेपाल फर्किएर फेरि पनि अमेरिका पुगेर फर्किइसकेको उपसभामुख राना बताउँछिन् । आफूले गलत नियत राखेर उपसभामुखको लेटरहेड प्रयोग नगरेको रानाको प्रष्टीकरण छ ।

**SAUDI मा रोजगार**
कम्पनी : ABDULLAH AL OTHAIM MARKETS COMPANY
शहरः Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०४/०३ | चलानी नं.: ६०२२२४०१ | LT. No.: 307696

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Packing Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३५,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन ११ गते (26 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Young Manpower Pvt. Ltd.
P.Box: 26144, Battisputali-9, Kathamandu, Tel: 4583814, 4583815, 4583816, 4583817
Email:youngmanpower123@gmail.com
Govt Lic. No. 1047/073/074

# डोल्पाका स्थानीय तहको बेरुजु रकम १ अर्ब सबैभन्दा बढी ठुली भेरीको

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, ३ साउन



डोल्पाका आठवटै स्थानीय तहले वित्तीय अनुशासनको ख्यालै नगरी सरकारी बजेट खर्च गरेको पाइएको छ । महालेखा परीक्षकको आर्थिक वर्ष ०७९/०८० को प्रतिवेदनअनुसार सरकारी बजेट खर्च गर्दा स्थानीय तहले अपनाउनुपर्ने वित्तीय अनुशासन बेवास्ता गरी सरकारी रकम जथाभावि दुरुपयोग गरेको पाइएको हो ।

दुई नगरपालिका र ६ वटा गाउँपालिका रहेको डोल्पामा करार कर्मचारी नियुक्तिमा पेस भएको बिल भर्पाइभन्दा धेरै भुक्तानी भएको पाइएको छ । खरिद नियमावलीविपरीत सामग्री खरिद गरिएको देखिन्छ । त्यस्तै इन्धन, खाना खर्च तथा जनप्रतिनिधिको सेवा सुविधामा मनपरि ढंगले विकास बजेट खर्च गरेको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

विकास बजेट भागबन्डा गर्ने, अनावश्यक भ्रमण गर्ने, परामर्शदाताका नाममा मिलोमतोमा करोडौं भुक्तानी गर्ने र आवश्यक कागजात बिना नै करोडौं भुक्तानी गरेको पाइएको छ । त्यतिमात्र नभइ पालिकाका कर्मचारीका नाममा लाखौं पेस्की रकम दिने र उक्त रकम व्यक्तिगत खातामा हालेर सरकारी कार्यक्रम चलाउने गरेको समेत महालेखाले जनाएको छ । महालेखाका अनुसार डोल्पाका आठ स्थानीय तहको कुल बेरुजु रकम १ अर्ब, ८६ करोड ४० लाख ४० हजार रुपैयाँ रहेको पाइएको छ । ८ पालिकामध्ये सबै भन्दा बढी ठूलीभेरी नगरपालिकामा बेरुजु रकम बढी रहेको छ । जिल्लाको त्रिपुरासुन्दरी नगरपालिकामा आव ०७९/०८० मा संघ प्रदेशबाट अनुदान प्राप्त रकमको चरम दुरुपयोग भएको पाइएको छ । नगरपालिकाको हालसम्मको कुल बेरुजु २६ करोड १० लाख ४० हजार छ । जसमा असुल गर्नुपर्ने मात्रै ८२ लाख ७६ हजार छ। प्रमाण पेस गर्नुपर्ने १ करोड ५० लाख ४२ हजार, नियमित गर्नुपर्ने ५ करोड ३ लाख ८४ हजार र पेस्की बाँकी ६४ लाख ९३ हजार बेरुजु छ ।

यो आँकडा हेर्दा प्रत्येक वर्ष नगरपालिकाको बेरुजु थपिँदै गएको देखिन्छ । आव ०७८/०७९ मा नगरपालिकाको कुल बेरुजु १८ करोड ४७ लाख ५७ हजार थियो। परीक्षणबाट हालसम्म ४२ लाख ७० हजार ९ सय ३८ मात्र घटेको देखिन्छ ।

नगरपालिकाले विभिन्न भुक्तानीबाट कर कट्टी गरिएको रकम पनि राजस्व खातामा दाखिला गर्ने नगरेको र सामाजिक सुरक्षा, दिगो सरसफाइ आयोजना तथा गरिबसँग विशेश्वर कार्यक्रमको ४ करोड ९९ लाख ६२ हजार ७ सय २४ रुपैयाँ रकमको वित्तीय विवरण अर्थात् सुत्रमा समावेश नगरेको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

आव ०७९/०८० मा मात्रै नगरपालिकाले पदाधिकारी खर्चमा ८८ लाख ७ हजार, खाना खाजा खर्चमा ३१ लाख ७१ हजार ५ सय ७६ र सवारी भाडा खर्चमा मात्रै २७ लाख १७ हजार ५ सय ९० खर्च गरेको पाइएको छ ।

महालेखाको प्रतिवेदनअनुसार नगरपालिकाबाट गरिने विभिन्न भुक्तानी र जनप्रतिनिधि र कर्मचारीको भ्रमण खर्चमा वास्तविक रकमभन्दा धेरै भुक्तानी भएको उल्लेख गरिएको छ ।

यस्तै जिल्लाको ठूलीभेरी नगरपालिकामा पनि आर्थिक अनुशासन कायम नगरेरै सरकारी रकम दुरुपयोग भएको पाइएको छ । जिल्ला भित्रका अरु स्थानीय तह भन्दा यो पालिकामा बेरुजु रकम बढी छ । नगरपालिकाको हालसम्म ४३ करोड ३७ लाख ३७ हजार बेरुजु कायम रहेको छ । यो बेरुजु जिल्लाका सबै स्थानीय तहभन्दा धेरै हो ।

जसमा असुल गर्नुपर्ने ६४ लाख ४३ हजार, कागजात पेस गर्नुपर्ने ३ करोड ५७ लाख ३५ हजार र नियमित गर्नुपर्ने ३ करोड ५५ लाख ३ हजार रहेको छ। त्यसैगरी पेस्की बाँकी ६२ लाख ५६ हजार छ। नगरपालिकाको आव ०७८/०७९ सम्म ३४ करोड ९८ लाख बेरुजु रहेको थियो ।

त्रिपुरासुन्दरी जस्तै ठूलीभेरी नगरपालिकामा पनि नियमविपरीत करार कर्मचारी भर्ना गरेर विकास बजेटबाट तलब भत्ता खुवाएको विषय नियमविपरीत भएको भन्दै यस्तो नगर्न महालेखाले सचेत गराएको छ ।

यस्तै वित्तीय अनुशासन कायममा जगदुल्ला गाउँपालिका अन्य स्थानीय तहको तुलनामा पहिलो नम्बरमै रहेको छ । तर, पनि कतिपय कुराहरूमा यस गाउँपालिकाले मनपरि ढंगबाट खर्च गरेको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

हालसम्म गाउँपालिकाको कुल बेरुजु ४ करोड ४ लाख २५ हजार छ । जसमा असुल गर्नुपर्ने ४ लाख ६६ हजार, कागजात पेस गर्नुपर्ने ६२ लाख ४३ हजार, नियमित गर्नुपर्ने १ करोड ६४ लाख ९७ हजार छ । पेस्की बाँकी ६१ लाख ९० हजार रहेको छ । पालिकाले कानुन नै नबनाएर कर्मचारी कल्याण कोष खडा गरी ५ लाख ७० हजार जम्मा गरेको भन्दै उक्त रकममा अनियमितता भएको महालेखाले आफ्नो प्रतिवेदनमा जनाएको छ ।

मुड्केचुला गाउँपालिकाको कुल बेरुजु २१ करोड ५२ लाख ९५ हजार छ । जसमा असुल गर्नुपर्नेमा ५३ लाख ३५ हजार, कागजात पेस गर्नुपर्नेमा ५ करोड २७ लाख ३० हजार, नियमित गर्नुपर्ने २ करोड ५१ लाख ६५ हजार र पेस्की बाँकी २ लाख ५० हजार छ । उक्त पालिकामा पनि नियम बिपरित करार कर्मचारी भर्ना गरेको र फोटोकपी बिल भर्पाइका आधारमा विकास योजनाको रकम भुक्तानी गरेको पाइएको छ । खाना तथा विविध खर्चमा ३५ लाख खर्च गरेको पाइएको छ । गाउँपालिका भित्रका मुख्य ओहोदामा बसेका कर्मचारीले नै दोहोरो भ्रमण खर्च सुविधा लिएको पाइएको छ ।

यस्तै काइके गाउँपालिकाको हालसम्मको कुल बेरुजु ७ करोड ८३ लाख १५ हजार छ । जसमध्ये असुल गर्नुपर्ने १९ लाख ९९ हजार, प्रमाण पेस गर्नुपर्ने २६ लाख १९ हजार र नियमित गर्नुपर्ने १ करोड १३ लाख ४० हजार छ । पेस्की बाँकी ३ हजारमात्र छ ।

उपल्लो डोल्पामा पर्ने डोल्पोबुद्ध गाउँपालिकाको कुल बेरुजु ११ करोड ६२ लाख ९१ हजार रुपैयाँ छ । जसमा असुल गर्नुपर्ने ५३ लाख ६१ हजार, प्रमाण पेस गर्नुपर्ने १ करोड १९ लाख ६३ हजार, नियमित गर्नुपर्ने ९ लाख ५७ हजार र पेस्की बाँकी १ करोड ८४ लाख १५ हजार रुपैयाँ छ । पालिकाले खाना तथा विविध खर्चमा ४ लाख रुपैयाँ खर्च गरेको छ ।

त्यसैगरी विभिन्न निर्माण कम्पनीका नाममा दिएको ९८ लाख ५० हजार रुपैयाँ पेश्की अझै फट्र्योट हुन सकेको छैन। पालिकाले एउटा आयोजना रकम छुट्टयाएर अर्को कार्य क्षेत्र बाहिरको आयोजना दिएको पाइएको छ । उपल्लो डोल्पामै पर्ने छार्काताङसोङ गाउँपालिकाको कुल बेरुजु ६ करोड ५३ लाख ७१ हजार रुपैयाँ छ । जसमा असुल गर्नुपर्ने २ लाख ८३ हजार, प्रमाण पेस गर्नुपर्ने ६६ लाख ७५ हजार, नियमित गर्नुपर्ने ९० लाख ८६ हजार र पेस्की बाँकी ४१ लाख ६३ हजार रुपैयाँ छ । यस गाउँपालिकाले खाना तथा विविध खर्चमा २१ लाख ११ हजार ३ सय ३० रुपैयाँ खर्च गरेको छ। आर्थिक सहायतामा मात्रै ३२ लाख ७५ हजार खर्च गरेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । पालिकाले आफ्नै बजेट सुत्रमा हाले बापत कर्मचारीलाई ९८ हजार भत्ता दिएको पाइए पछि यस्ता खर्च कटौत गर्न महालेखाले सचेत गराएको छ ।

जनप्रतिनिधिको सेवा सुविधा सम्बन्धी ऐनविपरीत प्रमुखको स्वकीय सचिव राखी ४ लाख ५६ हजार भुक्तानी गरेको पाइएको छ । यसलाई मलेपले अनियमित खर्चका रूपमा व्याख्या गरेको छ । डोजरको इन्धन खरिद र ढुवानीमा मात्रै ६९ लाख २५ हजार र मर्मतमा १६ लाख ९९ हजार खर्च गरेको पाइएको छ। त्यसैगरी गाउँपालिकाका प्रमुख, उपप्रमुखले जिल्लाभित्र भ्रमण गरेबापत लिएको ६१ हजार पाँच सय रुपैयाँ महालेखाले असुल गर्नुपर्ने जनाएको छ । यस पालिकाले पदाधिकारीहरूलाई मात्रै ३८ लाख ७६ हजार ६ सय रुपैयाँ अघिल्लो आवमा भुक्तानी गरेको पाइएको छ । त्यति मात्र नभई कर्णाली प्रदेशको पदाधिकारीको सेवा सुविधासम्बन्धी ऐनविपरीत जनप्रतिनिधिहरूलाई यातायात खर्चबापत २ लाख १६ हजार रुपैयाँ भुक्तानी गरेकोमा महालेखाले असुल गर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरेको छ। गाउँपालिकाले सोलार, ग्याँस चुलो, औषधिलगायतका करोडौं रकम बराबरका खरिदहरू प्रक्रियानै नपुर्‍याइ खरिद गरेको विषय महालेखाको प्रतिवेदनमा उठाइएको छ।

उपल्लो डोल्पामै पर्ने शे-फोक्सुन्डो गाउँपालिकाको कुल बेरुजु २ करोड ३५ लाख ८६ हजार रुपैयाँ छ । जसमा असुल गर्नुपर्ने १३ लाख ८ हजार, प्रमाण पेस गर्नुपर्ने ५५ लाख ४३ हजार र नियमित गर्नुपर्ने ५६ लाख ५७ हजार रुपैयाँ छ । अन्य पालिका जस्तै यस पालिकामा पनि विकास बजेट खर्चको अवस्था सन्तुलित नभएको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

# शेल्री डुग्ड्रा मेला : देश चिन्ने सुनौलो अवसर

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ३ साउन




६७औं १२ वर्षे शेल्री डुग्ड्रा मेला आयोजना हुने भएको छ । डोल्पाको सांस्कृतिक सम्पदालाई विश्वभर चिनाउने मूल उद्देश्यका साथ भदौ १६ देखि १९ गतेसम्म मेला आयोजना हुन लागेको हो ।

बुधबार नेपाल पर्यटन बोर्डको सभाहलमा पत्रकार सम्मलेन गरी कार्यक्रम आयोजनासम्बन्धी जानकारी दिइयो । ६७औं १२ वर्षे शेल्री डुग्ड्रा मेला २०८१ को मूल आयोजक समितिले गरेको पत्रकार सम्मेलनमा शे-फोक्सुण्डो गाउँपालिकाका पदाधिकारीहरू, नेपाल पर्यटन बोर्डका महानिर्देशक हिक्मतसिंह ऐर, प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा रानालगायतको उपस्थिति थियो । ६ दिनसम्म चल्ने मेलामा सांस्कृतिक पहिचान झल्किने गीत-संगीत, धर्मगुरूबाट दीर्घायू अभिषेक प्रदान, घोडा दौड, परम्परागत भेषभूषाको प्रदर्शन, स्थानीय खानाजस्ता कुराहरू बिशेष प्राथमिकतामा परेका छन् ।

मेलाको पहिलो दिन नेपाल सरकारका मन्त्रीहरू,सांसदहरू तथा सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरूलाई स्वागतसहित कार्यक्रमको औपचारिक उद्घाटन गरिनेछ । दोस्रो दिन प्रसिद्ध शेल्री डुग्ड्रा पर्वत र बीचमा भेटिने गुम्बाहरूको दर्शनसहित धर्मगुरू डिगुङ क्याब्गोन छेत्छाङ रिन्पोछेबाट प्रबचन तथा अनुशिक्षण कार्यक्रम हुनेछ । त्यही दिन धर्मगुरू डिगुङ छेत्छाङ रिन्पोछेद्वारा पवित्र सचेतनाको अनुशिक्षण कार्यक्रमका साथै दीर्घायू अभिषेक प्रदान गरिनेछ ।

तेस्रो दिन धर्मगुरू छ्योक्टुल पेमा रिक्चाल रिन्पोछेद्वारा असंगद्वारा रचित पवित्र बोधिसत्वको ३७ अभ्यासको प्रशिक्षण कार्यक्रम, धर्मगुरू क्याब्जे मेनरी पोन्लोप ठिन्ले डिमा रिन्पोछेद्वारा बार्दो अनुशिक्षणको साथै अन्तमा ज्यारिमाको दीर्घायू अभिषेक प्रदान कार्यक्रम गरिनेछ । चौथो दिन धर्मगुरू छ्योक्टुल पेमा रिक्चाल रिन्पोछेद्वारा असंगद्वारा रचित पवित्र बोधिसत्वको ३७ अभ्यासको प्रशिक्षण कार्यक्रम र त्यहिदिन तीर तरन्जी खेल, घोडा धौड र अन्य बिभिन्न प्रकारका खेल, मनोरञ्जनका कार्यक्रम आयोजनाको साथै आँखा शिबिर र शल्यक्रियासमेत गरिनेछ ।

पाँचौं दिन टुल्कु पेम्मा रिक्चाल रिन्पोछेद्वारा दीर्घायूको अभिषेक प्रदान कार्यक्रम, स्थानीय परमपरागत नाचगान प्रस्तुति र आँखा शिविर सञ्चालन हुनेछ । छैटौं दिन धर्मगुरूहरू र अतिथिहरूको बिदाइ कार्यक्रम, स्थानीय परमपरागत नाचगान र सांस्कृतिक प्रस्तुतिका साथै कार्यक्रमको औपचारिक समापन गरिनेछ ।

पर्यटन बोर्डमा आयोजित पत्रकार सम्मेलनमा मेलालाई चिनाउने प्रोमो भिडियो, डोल्पाको विभिन्न ठाउँलाई चिनाउने म्युजिक भिडियो प्रस्तुत गरिएको थियो । कार्यक्रममा पर्यटन बोर्डका महानिर्देशक ऐरले डोल्पा नेपालको सबैभन्दा ठूलो जिल्लामात्र नभएर संकृतिका हिसाबले पनि फराकिलो भएको बताए । मेलाले देश दर्शनको महत्वपूर्ण अवसर जुटाएको भन्दै सबैले अन्तरिक पर्यटनलाई महत्वका साथ अघि बढाउन उनले आग्रह गरे । उप सभामुख इन्दिरा रानाले आफूले डोल्पाको पहिले नै भ्रमण गरिसकेको बताउदै स्वर्ग जस्तो भूमि अवलोकन गर्न सबैलाई आग्रह गरिन् । उनले शे-फोक्सुण्डो जस्तो राम्रो ठाउँ अन्त नदेखेको बताउदै सबैले यो मेला अवलोकन गर्नुपर्ने बताइन् ।

शे-फोक्सुण्डो गाउँपालिका वडा नम्बर ३ को शेल गुम्बामा लाग्ने ६७औं १२ वर्षे शेल्री डुग्ड्रा मेला भोट बर्मेली बौद्ध पात्रोअनुसार १२ वर्षमा एक पटक लाग्ने डोल्पाको सबैभन्दा ठूलो र महत्वपूर्ण मेला हो । यो मेलामा शेल रिवो डुग्ड्रा पर्वत (क्रष्टल माउण्टेन)को परिक्रमा गर्ने गरिन्छ ।

# खोलाले बगाउँदा एक जनाको मृत्यु

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ३ साउन

रुकुम पश्चिमको आठविसकोटमा खोलाले बगाउँदा एक जना मृत्यु भएको छ । जिल्लाको आठविसकोट नगरपालिका १२ निवासी ५५ वर्षिय चन्द्रे पुनलाई बिहीबार बिहान खोलाले बगाउँदा मृत्यु भएको हो। आठविसकोट नगरपालिका वडा नम्बर १२ का वडा अध्यक्ष खुम्मे कुसारीका अनुसार स्थानीय काफलचौर खोला तर्ने क्रममा पुनलाई खोलाले बगाएको थियो ।

सोही वडाको झिन्चौरमा गत मंगलबार बिहान आएको बाढीले बगाउँदा तीन जना बालिकाको मृत्यु भएको थियो भने एक जना बेपत्ता भएका छन् । उक्त घटनामा परेर नौ जना घाइते भएका थिए ।

# पत्रकार महासंघ उदयपुर शाखाका अध्यक्ष खड्कालाई पितृ शोक

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ३ साउन



नेपाल पत्रकार महासंघ उदयपुर शाखाका अध्यक्ष भरत खड्कालाई पितृ शोक परेको छ ।

अध्यक्ष खड्काका बुबा बम बहादुर खड्काको ७१ वर्षको उमेरमा आफ्नै निवास रौतामाइ पुवारे मुर्कुचीमा बिहीबार बिहान निधन भएको हो । बम बहादुर लामो समयदेखि बिरामी थिए । उनी काठमाडौं, भारत लगायतका अस्पतालहरुमा उपचार गरेर फर्किएका थिए ।

खड्काका तीन छोरी र तीन छोरा छन् । खड्का २०४८ सालतिर गाविस उपाध्यक्ष समेत बनेका पारिवारिक स्रोतले जनाएको छ ।

यसैबीच पत्रकार महासंघ उदयपुर शाखाले एक विज्ञप्ति जारी गर्दै दुःख व्यक्त गरेको छ । शाखाका सचिव विश्वराज तामाङले विज्ञप्ति जारी गर्दै स्वगीय बुबाप्रति धार्दिक श्रद्धाञ्जली अर्पण गर्दै आत्मको चिरशान्तिको कामना गरेका हुन् । यस्तै शाखाले शोकसन्तप्त परिवारजनमा धैर्यधारणा गर्ने शक्ति प्राप्त होस् भन्दै गहिरो समवेदना व्यक्त गरेको छ ।

# बुटवल बसपार्कमा सुविधा सम्पन्न स्नानगृह सञ्चालन



बुटवल/मस-बुटवलको नयाँ बसपार्कमा सुविधासम्पन्न स्नानगृह सञ्चालनमा आएको छ । नयाँ बसपार्कलाई सुविधासम्पन्न बनाउने बुटवल उपमहानगरपालिकाको योजनाअनुसार पहिलो चरणमा सुविधा सम्पन्न बालमैत्री र अपांगमैत्री स्नानगृह सञ्चालनमा आएको हो ।

स्नानगृहको बिहीबार बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले उद्घाटन गरेका छन् । उनले नयाँ बसपार्कलाई व्यवस्थित र सुविधा सम्पन्न बनाउने उद्देश्यका साथ सुविधासम्पन्न स्नानगृह सञ्चालनमा ल्याएको बताए । उनले बसपार्कमा हाइमास्ट लाइट, क्यान्टिन, चार्जिङ स्टेशन, कोशेली घर र बहुतले पार्किङ भवन निर्माण हुने बताए ।

'हाइमास्ट लाइट जडान भइसकेर परीक्षणको क्रममा रहेको छ, विद्युतीय गाडीहरुको चार्जिङ स्टेशन सञ्चालनमा आएका छन्,' उनले भने,'क्यान्टिन अब छिट्टै सञ्चालन हुनेछ, भने कोशेली भवन र पार्किङ भवन निर्माणका लागि प्रक्रिया अघि बढिसकेको छ ।'

उनले बसपार्क सुरक्षित र सुविधासम्पन्न हुनुपर्ने भन्दै त्यसअनुसारका सुविधाहरु थप गर्दै लगेको बताए । 'बसपार्कको सरसफाइ गर्ने र खाल्डाखुल्डी पुर्ने कामलाई हामीले छिट्टै नै अगाडि बढाउँछौं,' उनले भने, 'बसपार्कलाई सफा राख्ने र सुरक्षित राख्ने काममा यहाँका समितिहरु पनि उत्तिकै सक्रिय हुन जरुरी छ ।' उनले सरसफाइमा नियमित रुपले खटिन व्यवसायीहरुलाई आग्रह गरे ।

कार्यक्रममा पश्चिम नेपाल बस व्यवसायी प्रा.लि.का प्रबन्ध सञ्चालक रामचन्द्र भुसालले बसपार्क सुधार गर्ने बुटवल उपमहानगरपालिकाको अभियान राम्रो भएको बताए । उनले बसपार्कलाई व्यवस्थित बनाउनका लागि आफुहरुको साथ रहने बताए । बसपार्कमा निर्माण भएको स्नानघरमा ११ वटा शौचालय, १७ वटा युरिनल, ४ वटा बाथरुम तथा २ वटा बालमैत्री, २ वटा अपांगमैत्री शौचालय रहेका छन् ।

स्नानगृहमा मौसम अनुसार चिसोतातोपानीका लागि सोलार प्यानल जडान गरिएको र शौचालयको फोहोरबाट बायोग्यास उत्पादन गरी स्नानगृहको उपयोगमा ल्याउने गरी व्यवस्था मिलाइएको बुटवल उपमहानगरपालिकाका इन्जिनियर रुक्मागत बस्यालले जानकारी दिए ।

**कल्याणकारी पट्टा हराएको सूचना**

यहीँ मिति २०८१/०१/०६ गते, सामाखुसीबाट ठमेल रा.वा.बैंकसम्म जाँदा मेरो निम्न व्यहोरा भएको कल्याणकारी पट्टा हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

**नाम : रेणु थापा**
**कागजातको नं.: ५५७९६२**
**सम्पर्क: ९८४९८०२५३८**
**ठेगाना: का.जि.का.म.न.पा.-२६**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**
**बबरमहल, काठमाण्डौ, नेपाल**
**सम्पर्क नं. ०१-५९०९३४४**

**सरकारी विज्ञापन प्रकाशन तथा प्रसारण र रकम भुक्तानी सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ ख. बमोजिमका सार्वजनिक निकायहरुले विज्ञापन तथा सूचना प्रकाशन तथा प्रसारण गर्दा गराउँदा तथा सो को भुक्तानी गर्दा देहाय बमोजिम गर्न गराउनु हुन विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२ तथा विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६ क. बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

१. विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चार माध्यमहरुबाट मात्र विज्ञापन तथा सूचना प्रकाशन तथा प्रसारण गर्न गराउनु हुन ।
२. बोर्डमा सूचिकरण भएको विज्ञापन एजेन्सीसंग मात्र कारोबार गर्न गराउनु हुन ।
३. सञ्चार माध्यममा सोझै विज्ञापन प्रकाशन तथा प्रसारण गरेको भए त्यस्तो सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको विल बमोजिम भुक्तानी गर्नु गराउनु हुन ।
४. विज्ञापन सम्बन्धी कारोबारको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा (२) को खण्ड 'ख' को व्यवस्था बमोजिम सरकारी निकायले तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा अनिवार्य रुपमा जम्मा गर्नु गराउनु हुन र सो को जानकारी बोर्डलाई गराउनु हुन ।

**अनलाइनको दर्ता खारेज सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०४/०४**

सूचना तथा प्रशारण विभागमा दर्ता नं. ३४३१/२०७८/७९ मिति २०७९/२/२९ मा दर्ता रहेको संखुवासभा मल्टिमिडिया प्रा.लि.द्धारा सञ्चालित (www.janagunaso.com) नामक अनलाइन पत्रिकाको दर्ता खारेज गरिने हुँदा यस अनलाइनसँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८१ साउन २१ गते भित्र यस कम्पनीको ठेगाना खाँदबारी १, संखुवासभा, सञ्चालकको मोवाइल नं. ९८४२५१४५८८ वा email megharajtamang111@gmail.com मा सम्पर्क गर्नहुन अनुरोध छ । साथै समयमै उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडी बढाइने व्यहोरा अनुरोध छ ।

**संचालक**
**संखुवासभा मल्टिमिडिया प्रा.लि.**

**रिद्धिसिद्धि सिमेन्ट लिमिटेड**
**कम्पनी दर्ता नं. : २९३६२१**
**का.म.न.पा.वडा नं. ११, थापाथली**

**विशेष साधारण सभा सम्बन्धी सूचना**

यस कम्पनीको मिति २०८१/०४/०३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस रिद्धिसिद्धि सिमेन्ट लिमिटेडको जारी पुँजी र चुक्ता पुँजी वृद्धि गरी प्रारम्भिक सार्वजानिक निष्कासन (IPO) शेयरको प्रतिशत परिवर्तन गर्न आवश्यक भएको हुदाँ, यहि मिति २०८१ साल श्रावण महिनाको १९ गते शनिवारको दिन, बिहान ठिक ११:०० बजे कम्पनीको कर्पोरेट कार्यालय, का.जि.का.म.न.पा. वडा नं. ११, थापाथलीमा विशेष साधारण सभा हुने भएकोले सम्पूर्ण सञ्चालक सदस्य, संस्थापक शेयरधनी महानुभावहरुलाई उपस्थितीको लागी पत्र पठाई सकेको व्यहोरा अनुरोध गर्दै, उक्त पत्र प्राप्त नभएको खण्डमा यसै सूचनालाई आधार मानी उक्त विशेष साधारण सभामा उपस्थिती जनाई सभाको गरिमा बढाईदिनुहुन यहाँहरु सबैमा हार्दिक अनुरोध गर्दछौ ।

**विशेष साधारण सभामा छलफल हुने प्रस्ताबहरुः**

१. कम्पनीको हालको जारी पूँजी र चुक्ता पुँजी वृद्धि गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रारम्भिक सार्वजानिक निष्कासन (IPO) शेयरको प्रतिशत परिवर्तन गर्ने सम्बन्धमा ।
३. विविध ।

**अध्यक्षज्यूको आज्ञाले**
**कम्पनी सचिब**

